# आधारभूत तहका सन्दर्भमा भाषिक सिप र पठनतत्त्वगत प्रक्रिया

# Linguistic Skills and Reading Elements in the Context of the Basic Level

रमेश भट्टराई[1]

[1]उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
जनज्योति बहुमुखी क्याम्पस
सर्लाही, नेपाल
**Email:**
bhattarairamesh353@gmail.com

प्रकाशन : २०८१ जेठ
Publish: 2024 May
Doi:
https://doi.org/10.3126/bns.v27i1.66442

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2024 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**Website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

सिकाइको गुणस्तर सुधारमा पठन सिपगत प्रभावकारिता अपरिहार्य हुन्छ । सिकारुमा पठन संस्कृति विकास गर्न सकेमा भाषिक सिपगत दक्षता विकास गर्न सहज हुन्छ । भाषा शिक्षणको नवीन अवधारणाले सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपसहितको सुझबुझयुक्त सार्थक पठनबोधमा जोड दिन्छ । प्रारम्भिक कक्षा पढाइ सिप विकाससम्बन्धी नवीन अवधारणामा चाहिँ कक्षा १-३ सम्मका बालबालिकालाई छओटा पठनतत्त्व (ध्वनि सचेतीकरण, लेख्यवर्ण सचेतीकरण, पठनप्रवाह, शब्दभण्डार, पठनबोध र लेखाइ) मार्फत प्रभावकारी शिक्षण गर्न सकिने आधार प्रस्तुत गरिएको छ । यसलाई आधारभूत तहमा भाषा शिक्षण गर्ने प्रभावकारी प्रक्रिया मानिन्छ । यो अध्ययन उल्लिखित भाषा शिक्षणमा प्रचलित चार सिप र आधारभूत तहका लागि निर्क्योल गरिएको नवीन पठन सिपगत प्रक्रियाबिचको सम्बन्धको खोजीमा केन्द्रित छ । यसमा गुणात्मक अनुसन्धान विधि अन्तर्गत जातिभाषिक अध्ययन विधिमार्फत तीन जना विषयविज्ञको अवधारणालाई प्राथमिक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । त्यस्तै प्रारम्भिक कक्षा पढाइ तथा पठन सिपसम्बद्ध नेपाल सरकारका दस्ताबेज, सन्दर्भ पुस्तक र अनुसन्धेय सामग्रीलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरी समीक्षात्मक निष्कर्ष पेस गरिएको छ । अध्ययनबाट पठनबोधयुक्त सार्थक पढाइ सिप विकासको विश्वव्यापी सिद्धान्तलाई बालबालिकाको सिकाइको जग निर्माणार्थ उपयोग गर्न सकिने देखिएको छ । यसका लागि आधारभूत तहलाई सिकाइको जगको रूपमा स्थापित गरी शैक्षिक क्षति न्यूनीकरण गर्न प्रचलित भाषा शिक्षणको प्रक्रियाभन्दा नवीन पठन सिपगत प्रक्रियालाई व्यावहारिक मूर्तता दिनुपर्ने निष्कर्ष निकालिएको छ ।

***शब्दकुञ्जी*** : एकीकृत पाठ्यक्रम, पठनतत्त्व, पठनप्रवाह, पठनबोध, विसङ्केतन

**How to cite this article (APA)**

**English :** Bhattarai, R. (2024). Linguistic Skills and Reading Elements in the Context of the Basic Level. *Bikashko Nimti, Shiksha. 27*(1), 15-34. https://doi.org/10.3126/bns.v27i1.66442

**नेपाली :** भट्टराई, रमेश (२०८१), आधारभूत तहका सन्दर्भमा भाषिक सिप र पठनतत्त्वगत प्रक्रिया, *विकासको निम्ति शिक्षा, २७*(१), १५–३४ । https://doi.org/10.3126/bns.v27i1.66442

### *Abstract*

Effective teaching is indispensable in order to improve the quality of learning. If the reading culture is developed in the learner, it will be easy to acquire linguistic skills. The new concept of language teaching emphasizes all-round meaningful reading with listening, speaking, reading and writing skills. In the new concept of early grade teaching development suggest that the children in grades 1-3 can be taught effectively through six reading elements (sound awareness, alphabet awareness, reading fluency, vocabulary, reading comprehension and writing). It is considered an effective process of language teaching at the basic level. This study focuses on exploring the relationship between the four skills prevalent in language teaching and instructional process designed for the basic level. In this regards the concept of three subject experts has been used as the primary source materials through the ethnographic study method under the quanlitative research design. Likewise, conclusion has been drawn using the documents of the Nepal government, reference books and research materials related to elementary class reading. From the study, it has been found that the universal theory of meaningful reading skill development with reading comprehension can be used to build the foundation of children's learning. For this, it has been concluded that the basic level should be established as the foundation of learning to reduce the educational deviation, and the new reading teaching approaches should be prioritized rather than the traditional language teaching approaches.


***Keywords:*** integrated curriculum, reading elements, reading fluency, reading comprehension, decoding

### परिचय

भाषा शिक्षण सिप शिक्षणसँग सम्बन्धित हुन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ ( सुबोपले) सिपगत शिक्षण प्रक्रियालाई भाषिक सिप शिक्षण भनेर बुझिन्छ । भाषा शिक्षणमा विषयवस्तुलाई माध्यम बनाएर भाषाका सिपहरूको विकास गर्ने लक्ष्य राखिएको हुन्छ । सिकारुको उमेर, रुचि, चाहना, आवश्यकता, उद्देश्य आदिले भाषा सिकाइमा प्रभाव पार्ने हुनाले सिप शिक्षण प्रक्रियामात्र नभई साध्य पनि हो । भाषिक सिप शिक्षणका सन्दर्भमा शारीरिक र मानसिक प्रक्रियाले पनि भूमिका खेलेको हुन्छ । क्रियाकलापमुखी भाषिक सिपमध्ये सुनाइ सिप भाषा सिकाइको पहिलो, ग्रहणात्मक वा आदानात्मक सिप हो । बोलाइ सिप प्रदानात्मक तथा अभिव्यक्तिमूलक सिप हो । पढाइ पाठ्य, ग्रहणात्मक वा आदानात्मक हुन्छ भने लेखाइ सिप लेख्य अभिव्यक्तिप्रद प्रदानात्मक प्रकृतिको हुन्छ ।

भाषामा सुनाइ सिपबाट बोलाइ सिप हुँदै क्रमशः पढाइ र लेखाइ सिप विकासको प्रक्रिया सञ्चालित हुन्छ । शिक्षाको जग निर्माण गरी शैक्षिक गुणस्तर सुधार गर्न पठन सिपगत व्यवस्थापन आवश्यक हुन्छ । नेपालका सन्दर्भमा विद्यार्थीका बहुआयामिक समस्यालाई सम्बोधन गर्ने उद्देश्यले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले पढाइ सिप सुधारका लागि प्रारम्भिक बालशिक्षा तथा बालविकासलाई जोड्ने प्रयास गरेको देखिन्छ (भट्टराई, सन् २०२३) । परम्परागत अर्थमा पढाइ

सिपलाई मुद्रित सामग्रीको सस्वर र मौन पठन प्रक्रियाका रूपमा हेर्ने गरिन्छ। कुनै लेखिएको सामग्रीलाई आवश्यक गति, यति र बलाघातका साथ आवाज निकालेर पढ्नु वा मौन वाचन गर्नु नै पढाइ वा पठन हो (बन्धु, २०७३)। आधारभूत तहअन्तर्गत कक्षा १-३ का विद्यार्थीहरूका सन्दर्भमा पठन सिपलाई पठनबोधसँग जोडेर हेरिन्छ। यसमध्ये पठनबोधलाई सार्थक पढाइका रूपमा लिइन्छ। लेखिएको वा छापिएको सामग्रीलाई शुद्धसँग विसङ्केतन (लेखिएको अक्षरलाई ध्वनिमा रूपान्तरण) गर्न सक्ने तर त्यसको अर्थबोध नहुने अवस्थाको पढाइ यान्त्रिक पढाइ हो। सामग्रीको विसङ्केतन गरी अर्थ पनि ग्रहण गर्न सक्नु सुझबुझयुक्त पढाइ हो (राई र अन्य, २०७३, पृ. १०)। पढाइ सिपले सिकाइका सबै क्षेत्रलाई सहज र सुबोध्य बनाउने हुनाले आधारभूत तह (कक्षा १-३) का विद्यार्थीहरूमा अन्य सिपले भन्दा यो सिपले बढी भूमिका निर्वाह गर्दछ।

भाषिक सिप शिक्षणमा कथा, कविता, निबन्ध, प्रबन्धगत विषयवस्तुलाई माध्यम बनाइन्छ। यस प्रक्रियामा उच्चारण, बोध, व्याकरण र शब्दभण्डार शिक्षणका लागि विषयवस्तु प्रमुख माध्यम बनेको हुन्छ (शर्मा र पौडेल, २०७४)। सिकाइको तह, स्तर र प्रक्रियाका आधारमा सिप शिक्षणको तौरतरिका र उद्देश्य फरक फरक हुन्छ। विशेषतः तल्ला कक्षामा सिकाइको जगका रूपमा भाषाका सिपलाई साक्षरता विकासका लाीग प्रयोग गरिन्छ। प्रारम्भिक कक्षामा वर्ण, अक्षर र मात्रा चिनारी, वाक्यगठन, शब्दभण्डारजस्ता उद्देश्यको चयन गरिएको हुन्छ। यसर्थ आधुनिक प्रक्रियामा यान्त्रिक पढाइमा भन्दा बढी सुझबुझयुक्त पढाइलाई ध्यान दिइएको हुन्छ। यसबाट शैक्षिक गुणस्तर विकासको जग निर्माण हुने देखिन्छ।

आधारभूत तहको पठन सिप प्रक्रियामा सिपयुक्त पढाइलाई जोड दिइन्छ। *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम* (राप्राकपका) ले सिपयुक्त पढाइ भनेको स्पष्ट उच्चारणका साथ सम्बद्ध भाषाभाषीले बुझ्ने गरी उपयुक्त गतिका साथ पढ्ने क्षमता हो भन्ने मान्यता राख्छ (पराजुली, २०७४, पृ. ३)। आधारभूत तहको पठन सिपगत नवीन मान्यता र प्रचलित परम्परित मान्यताबिचमा प्रक्रियागत भिन्नता देखिन्छ। सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई सबै तहमा भाषा सिकाइको समान आधार मानिने गरिएकामा नवीन मान्यताले पठन सिपगत प्रक्रियालाई थप रूपान्तरण गरेको छ। शिक्षा विभाग (२०७४) का अनुसार पढाइको मुख्य उद्देश्य भनेकै बोध र अभिव्यक्ति क्षमताको विकास गर्नु हो। विद्यार्थीको संज्ञानात्मक क्षमता एवम् शब्दभण्डारको वृद्धि गर्दै स्वाध्ययनको बानी निर्माण र बौद्धिक क्षमताको विकास गर्न पनि पढाइ सिप आवश्यक हुन्छ (पृ. १)। यस सन्दर्भलाई मुख्य रूपमा शिक्षा मन्त्रालय (२०७०) ले आधार प्रदान गरेको छ भने शैक्षिक जनशक्ति विकास केन्द्र (२०७३) ले प्रकाशन गरेका प्रारम्भिक कक्षा पढाइसम्बद्ध दस्ताबेजमा पठन सिपका लागि पठनतत्त्व (ध्वनि सचेतीकरण, लेख्यवर्ण सचेतीकरण, पठनप्रवाह, शब्दभण्डार, पठनबोध र लेखाइ सिप) लाई निर्देश गरेको छ।

नेपालमा बालपठन सिप विकास र शैक्षिक गुणस्तर सुधारगत सम्बन्धलाई केलाउनु आवश्यक देखिन्छ। यस सन्दर्भमा शिक्षाको जग निर्माणार्थ भाषा सिकाइ, परम्परागत भाषा शिक्षण प्रक्रिया र नवीन अवधारणाका बिचको वस्तुस्थितिलाई समीक्षा गरेको देखिँदैन। आधारभूत तहको शैक्षिक जग निर्माण तथा गुणस्तर सुधारका लागि 'भाषाका चार सिपगत शिक्षण प्रक्रिया' र 'नवीन ढाँचाका

रूपमा प्रस्तुत प्रारम्भिक कक्षा पढाइ प्रक्रिया' बिचको अन्तरलाई पहिचान गर्नु आफैँमा अध्ययनीय विषय पनि हो । वस्तुतः यो अध्ययन आधारभूत तहको शैक्षिक स्थिति सुधारका लागि पठनतत्त्व आवश्यक हुने नवीन अवधारणा तथा चारओटै सिपलाई केन्द्रमा राखेर शिक्षण गर्नुपर्ने परम्परागत मान्यता गरी दुई पक्षको जानकारीमूलक विश्लेषणमा केन्द्रित छ । परम्परागत रूपमा भाषा शिक्षणमा प्रयोग गरिने सुबोपले तथा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले अघि सारेको पठनतत्त्वबिचको सूचनात्मक समीक्षालाई प्रस्तुत गर्नु नै यस लेखको मुख्य उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान अन्तर्गत जातिभाषिक अध्ययन (इथ्नोग्राफी) विधिमा आधारित छ । यसमा खुला अन्तर्वार्ता र सहभागितामूलक अवलोकन प्रक्रियाबाट तथ्याङ्क सङ्कलन गरिन्छ (खनाल, २०७२) । यस अध्ययनमा विद्यावारिधि शोधप्रतिवेदन लेखनका क्रममा लिइएको गहिरो र खुला अन्तर्वार्ताको सामग्रीबाट आवश्यक तथ्य लिई यो लेख तयार गरिएको छ । यहाँ उद्देश्यमूलक नमुना छनोट प्रक्रियाका आधारमा तीन जना विज्ञसँग लिइएको अन्तर्वार्ताको सारगत तथ्यलाई समावेश गरिएको छ । एक जना पाठ्यक्रमविद्बाट पाठ्यक्रम र पठन सिपको अवधारणाका लागि यस लेखमा निजलाई 'विज्ञ १' भनी सङ्केत गरिएको छ । प्रारम्भिक कक्षा पढाइसम्बन्धी जानकारका रूपमा 'विज्ञ २' छनोट गरी निजको अवधारणालाई पठन सिप र सिकाइ सम्बन्धका आधारमा प्रस्तुत गरिएको छ । यसका साथै प्रारम्भिक तहको सिकाइका विषयमा जानकार अर्का 'विज्ञ ३' मार्फत संज्ञानात्मक विकास र पठन सिपगत सन्दर्भलाई समावेश गरिएको छ । अध्ययनमा प्रस्तुत विज्ञ १ सँग वि.सं. २०८० भाद्र ५ गते, विज्ञ २ सँग २०८० भाद्र ६ गते र विज्ञ ३ सँग २०८० भाद्र ९ गते अन्तर्वार्ता लिइएको छ । अध्ययनमा बालपठन सिप विकासार्थ मातृभाषाको उपयोग र औचित्यलाई पनि समेटिएको छ ।

यस अध्ययनमा आधारभूत तहको पठन सिप विकासमा केन्द्रित पठनतत्त्वगत प्रक्रियालाई विश्लेषणका निमित्त तालिकीकरण गरिएको छ । यस क्रममा प्राथमिक स्रोत सामग्री तथा प्रारम्भिक कक्षा पढाइसम्बन्धी सरकारी दस्तावेज, अनुसन्धानपरक आलेख, सन्दर्भ पुस्तकजस्ता पुस्तकालयीय सामग्रीलाई उपयोग गरी समीक्षात्मक निष्कर्ष निकालिएको छ ।

## नतिजा र छलफल

### सिकाइको जग निर्माणमा पठन सिपको उपादेयता

भाषा शिक्षण र सिकाइका सन्दर्भमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई अवलम्बन गर्ने प्रचलन रहे पनि आधारभूत तहको शैक्षिक जग निर्माणका लागि पठन सिपसम्बन्धी नवीन अवधारणा बढी व्यावहारिक देखिएको छ । भाषा शिक्षणको अर्थ सिप शिक्षण रहेको तथा यसलाई विषयवस्तु शिक्षणका रूपमा नहेरी भाषिक सिप शिक्षण मानिएको छ (शर्मा र पौडेल, २०७४) । यसमा भाषाका चार सिपलाई नै सबै तहका लागि समान भाषा सिकाइका प्रक्रिया मानेको देखिन्छ तर पठन सिपसम्बन्धी विश्वव्यापी सिद्धान्तमा रहेको पठनतत्त्व (राई र अन्य, २०७३) का माध्यमबाट आधारभूत तहको शैक्षिक गुणस्तर सुधारमा सहयोग पुग्ने देखिएको छ । यसबाट नेपालको शैक्षिक

क्षति न्यूनीकरण गर्ने गरी आधारभूत तहको शिक्षालाई सुधार गर्न सकिन्छ। यसर्थ यो प्रक्रिया समग्र शिक्षाकै जग बलियो बनाउने आधार बनेको छ।

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले निर्धारण गरेको सिकाइ प्रक्रियाले प्रारम्भिक तहका बालबालिकाको पठन सिपगत सक्षमता विकास गर्ने लक्ष्य अनुरूप शिक्षण विधि, शैक्षणिक प्रक्रिया, कक्षाकोठा व्यवस्थापन, अतिरिक्त कार्यकलाप, मूल्याङ्कन र उपचारात्मक शिक्षण प्रक्रिया, बालसिकाइमा अभिभावकीय भूमिका र सहभागिताजस्ता विषयलाई एकसाथ समेट्ने हो भने नेपालमा शिक्षण सिकाइको जग बलियो हुने देखिन्छ। यसका लागि *विद्यालय शिक्षाको पाठ्यक्रम प्रारूप* (२०७६) ले तय गरेको एकीकृत पाठ्यक्रम ढाँचाभित्र प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले तर्जुमा गरेको पठन सिप विकासका निम्ति आवश्यक भौतिक, शैक्षणिक र प्रशासनिक व्यस्थापनको दायरालाई पनि समावेश गरेर लैजानु आवश्यक हुन्छ। यसरी नै प्रारम्भिक तहका बालबालिकालाई मातृभाषामा शिक्षा दिनुपर्ने प्रावधानलाई *नेपालको संविधान २०७२, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम*को सिद्धान्त (शिक्षा मन्त्रालय, २०७०), विद्यालय शिक्षाको पाठ्यक्रम प्रारूप (२०७६) आदिले सैद्धान्तिक आधार निर्माण गरेका छन्। पढाइसम्बन्धी विश्वव्यापी सिद्धान्त (राई र अन्य, २०७३, पृ. १) का आधारमा पनि प्रारम्भिक कक्षाका विद्यार्थीहरूलाई आफूले बुझ्नेकै मातृभाषामा शिक्षा प्रदान गर्नु बढी व्यावहारिक तथा सार्थक देखिएको हो। यसर्थ सिपगत प्रयोग, मातृभाषामा शिक्षा र प्रभावकारी शिक्षण प्रक्रिया अर्थात् सिद्धान्त र व्यवहारबिचको एकरूपताका निम्ति पठनतत्त्वगत आधार बढी उपयोगी रहेको कुरा पुष्टि हुन्छ।

प्रचलित भाषिक सिप शिक्षण प्रक्रियाले समग्र तह र कक्षाका लागि समान विधि र तरिकालाई निर्देश गरेको देखिन्छ। पठनतत्त्वगत अवधारणाले आधारभूत तह (कक्षा १-३) का विद्यार्थीहरूमा पठनबोध, पठनप्रवाह तथा पठन सिपका माध्यमबाट शैक्षिक क्षेत्रको जग निर्माण गरी माथिल्लो शैक्षिक स्थितिलाई सुदृढ तुल्याउन सक्ने देखिन्छ। यसर्थ तल्लो तहका लागि यो पठनतत्त्वगत प्रक्रिया बढी वैज्ञानिक, व्यावहारिक र समयानुकूल देखिएको हो। यो पठनतत्त्वगत अवधारणालाई मूर्तता दिने गरी समाज, बौद्धिक जमात र जानकारहरू एकताबद्ध हुनु आवश्यक छ। यसका लागि वाचनालय, कक्षा पुस्तकालय, अभिभावक शिक्षा, विद्यालयको भौतिक, प्रशासनिक अवस्थासम्मको ढाँचामा जोड दिई शिक्षण परिपाटीलाई प्रबल बनाउनुपर्ने देखिन्छ।

प्रचलित पठन सिपगत मान्यताले सारमा सिकाइ प्रक्रियालाई समावेश गरेको छ भने नवीन पठनतत्त्वगत अवधारणाले भाषिक सिपलाई व्यवस्थित, वैज्ञानिक र व्यावहारिक बनाउने प्रयास गरेको पाइन्छ। यसबाट *नेपालको संविधान २०७२* को धारा ३१ को उपधारा ५ बमोजिम मातृभाषामा शिक्षा पाउने हकलाई पनि सम्बोधन गर्न सकिने देखिएको हो। बालबालिकाले जानेबुझेकै भाषामा आधारभूत तह अन्तर्गत कक्षा १, २ र ३ को शिक्षा लिन पाउँदा उनीहरूमा पठनबोध क्षमताको विकास भई सिकाइको गुणस्तर सुधारमा टेवा पुऱ्याउन सक्छ। नेपालको समाज र शिक्षाबिचको सम्बन्धका सन्दर्भमा यहाँ बहुजाति, बहुभाषी, बहुधार्मिक समुदाय रहेकाले यहाँको समाज बढी मिश्रित प्रकृतिको छ। बहुभाषिक परिवेशका आधारमा तल्लो तहमै बालबालिकाको पठन सिपलाई प्रभावकारी तुल्याउनु उपयुक्त हुन्छ। अतः नेपालको शिक्षाको गुणस्तर विकासमा तल्लो तहबाटै

पठन सिपगत विकासलाई व्यवस्थित र प्रभावकारी तुल्याउन सकेदेखि माथिल्लो तहको शैक्षिक गुणस्तर सुधारमा सहायता पुग्न सक्छ ।

## पठन सक्षमता विकासको आधार

भाषिक सिपमध्ये बोलाइ सिपसँग उच्चारणगत अभ्यास आवश्यक हुन्छ । पठन सिपका लागि पठनबोधको शिक्षण उपयुक्त हुन्छ । पठन र बोध दुई पक्षका लागि शब्दार्थ शिक्षण गर्नुपर्ने हुन्छ । लेखाइ सिप विकासका लागि पनि वर्णविन्यास तथा वाक्यगठन शिक्षण र व्याकरण शिक्षण गर्नु सान्दर्भिक रहन्छ । भाषाका चारओटै सिप शिक्षणका लागि यी पक्षहरू आपसमा मिश्रण भएर आएको देखिन्छ । हरेक सिपको हरेक सिपसँग कुनै न कुनै सम्बन्ध रहने र एउटा सिपको शिक्षणमा अर्को सिप पनि स्वतः समेटिने हुनाले भाषा शिक्षण प्रक्रियामा एककालिकताको सिद्धान्त (शर्मा र पौडेल, २०७४) बढी व्यावहारिक देखिन्छ । भाषा सिकाइमा सिकाइगत प्रक्रिया र मनोविज्ञान तथा पूर्वज्ञानको समेत प्रभाव रहन्छ । पहिलो र दोस्रो भाषाको परिवेश तथा शिक्षण प्रक्रियाले सिकाइ प्रभावित हुन्छ । विशेष गरेर नेपाली मातृभाषी र अन्य मातृभाषी शिक्षार्थीहरू एउटै कक्षामा भएका स्थितिमा द्विभाषिक शिक्षाको विधिलाई प्रयोग गर्नु उपयुक्त हुन्छ । नेपाली भाषामा भएका पाठ्यसामग्रीलाई दुवै भाषाका माध्यमबाट सिकाउँदा उनीहरूलाई आफ्नो भाषाबाट माध्यम भाषा सिक्ने अवसर प्राप्त हुन्छ (पौडेल र भट्टराई, २०७७) । पहिलो भाषाका लिपि, रूप, वर्ण, व्याकरणगत संरचना लगायतका विषयवस्तुले दोस्रो भाषा सिकाइमा सहजता प्रदान गर्दछ । भाषा रूपान्तरणका आधारबाट पनि दोस्रो भाषाको सिकाइमा सहजता हुन्छ (भट्टराई, सन् २०१९) । भाषिक सिप शिक्षणका सन्दर्भमा बालकले घरपरिवार, समाज, साथीसङ्गी र विद्यालयमा पाएको वातावरणको प्रभाव र अभ्यासले भूमिका खेलेको हुन्छ । पठन सिपगत आधारमा चाहिँ शब्दपहिचान र बोधको सम्बन्ध जोडिन्छ । पढाइका सम्बन्धमा उत्तरकुमार पराजुली (२०७४) को भनाइ यस्तो रहेको छ :

> जति छिटो शब्द पहिचान गऱ्यो उति नै छिटो पढाइको गति बढ्छ । यो कुरा हामीले टेलिभिजनको पर्दाको तल्लो छेउमा आउने स्क्रोल न्युज पढ्दा अनुभव गर्न सक्छौँ । अभ्यस्त भाषा यस्तो समाचार सर्सरी पढ्छौँ भने अभ्यस्त नभएको भाषा तथा शब्द पऱ्यो भने हामी टाउको घुमाउन थाल्छौँ ।... पढाइको गतिलाई प्रभाव पार्ने अर्को कुरा बोध हो । पढेको कुरा बुझिँदै गयो भने अगाडि आउने सन्दर्भ कस्तो आउला भनी पढ्ने उत्साह र जाँगर थपिँदै जान्छ र पढाइको गति बढ्ने अवस्था आउँछ (पृ. ४) ।

उल्लिखित सन्दर्भका आधारमा शब्दपहिचान, पठनबोध र पठनप्रवाहलाई सिकारुको पढाइ सक्षमताले प्रभाव पारेको हुन्छ । विशेषतः पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीबिचको भाषा सिकाइगत प्रभावमा पनि पठनबोध र पठनप्रवाह मुख्य कारक बन्न पुग्छ । वास्तवमा सिकाइ हुनका लागि भनिएको वा लेखिएको कुरा बुझ्नु आवश्यक हुन्छ । आधारभूत तहको औपचारिक सिकाइमा लेखिएको कुरा बुझेर पढ्नु अर्थात् सुझबुझयुक्त पठन सक्षमता विकास गर्नु जरुरी देखिन्छ ।

### *भाषिक सिपगत प्रक्रियाहरू*

भाषामा भाषिक सिपलाई बोध र अभिव्यक्तिको माध्यमका रूपमा उपयोग गरिन्छ । प्रारम्भिक तहका सन्दर्भमा चाहिँ बालबालिकाले भाषिक सिपलाई शिक्षकको शिक्षण प्रक्रिया, पाठ्यपुस्तक, अग्रजको निर्देशन, अतिरिक्त सामग्री आदिका आधारमा सिकेका हुन्छन् । वस्तुतः भाषिक सिप विकासमा शिक्षक, विद्यार्थी र पाठ्यसामग्रीसहित वातावरणले समेत प्रभाव पारेको देखिन्छ । भाषिक

सिपलाई अवलम्बन गरेर भाषा सिकाउनुपर्ने मान्यता अनुरूप श्रवणकला, वाक्कला, पठन कला र लेखन कलालाई क्रियाकलापका सन्दर्भमा समेटेको पाइन्छ ।

**सुनाइ सिप :** सुनाइ सिप शिक्षणका लागि अर्थपूर्ण सुनाइ र भाषिक बोधगम्यता आवश्यक हुन्छ । सुनेर बुझ्ने र अपनाउने तथा सुनेर नबुझीकन दोहोऱ्याउने आधारमा श्रुतिबोधलाई पनि क्रमशः व्यावहारिक र यान्त्रिक सिकाइका रूपमा उपयोग गरिएको हुन्छ । आधारभूत तहमा भाषिक सामर्थ्य विकासका लागि भाषिक सिप शिक्षण अपरिहार्य हुन्छ । बालबालिकालाई ध्वनि, वर्ण, रूप आदिसँग मूर्त ज्ञानको विकास गराउने प्रक्रियामा सुनाइ सिपले भूमिका खेलेको हुन्छ । माथिल्ला कक्षामा आदर्श श्रवण, वाचन श्रवण आदिका माध्यमबाट विषयवस्तुको बोध, शब्दभण्डारको विकास, पद-पदावलीको संरचनागत ज्ञान, वाक्यरचना, अनुच्छेदको संरचना, शैलीशिल्प, सङ्कथन आदिबारे जान्न र बुझ्न सहज हुने देखिन्छ । शर्मा र पौडेल (२०७४) का अनुसार श्रुतिबोधमा गहन र व्यापक श्रुतिबोध पर्दछन् । गहन श्रुतिबोध अन्तर्गत अर्थगत र भाषागत आधारमा गहन अर्थको खोजी गरिन्छ । व्यापक श्रुतिबोधमा चाहिँ विद्यार्थीलाई पूर्वज्ञात गराई कार्यबोझबाट त्रसित हुन दिइँदैन । यसर्थ सुनाइ र बोलाइ सिप शिक्षणमा एकीकृत प्रक्रिया बढी उपयोगी मानिन्छ ।

**बोलाइ सिप :** बोलाइ शिक्षणमा स्पष्ट भाषा, शुद्ध भाषा र राम्रो भाषा आवश्यक हुन्छ । यसका निम्ति शिक्षकले नै प्राथमिक कक्षामा स्पष्टसँग, प्राकृतिक तर प्रभावकारी रूपमा बोल्ने गर्नुपर्छ । शिशुहरूलाई उनीहरूले जानेको कुरामा बोल्ने अवसर दिनुपर्छ (बन्धु, २०७३) । बोलाइ सिपमा शुद्धोच्चारण, आवाजको स्पष्टता, शब्द नचपाई बोल्ने प्रक्रियाजस्ता विषयहरू समावेश हुन्छन् । परिवार, समाज र अन्य वातावरणबाट पाएको अभ्यासले बोलाइ सिप विकासमा प्रभाव पार्छ । यो शिक्षण प्रक्रिया शारीरिक र मानसिक अभ्यास र सिकारुले पाउने अवसरमा केन्द्रित रहने देखिन्छ ।

**पढाइ सिप :** पढाइ सिप मौखिक प्रक्रियामा आधारित सिप हो । यसभित्र मूलतः सस्वर र मौन पठन अभ्यास समावेश हुन्छन् । प्रारम्भिक तहको पढाइ सस्वर पठन वा वाचनमा आधारित हुन्छ भने माथिल्ला कक्षा वा तहको पढाइ मूलतः मौन पठनमा आधारित हुन्छ (शर्मा र पौडेल, २०७४) । सस्वर वाचनमा भाषेतर हाउभाउ, अङ्ग सञ्चालनदेखि सुर, तान, लय, आरोह अवरोह आदिको आधारमा मूल्याङ्कन गर्न सकिन्छ । पाठ्यसामग्रीको प्रकृतिका आधारमा भावानुकूल पढ्ने कार्यलाई यस सिपले समेट्छ । पठन सिपमा चिह्न प्रयोग, स्तरीय वाचन, शुद्ध उच्चारण प्रक्रियाजस्ता पक्षलाई समावेश गर्न सकिन्छ ।

**लेखाइ सिप :** मौखिक र लिखित अभिव्यक्तिमध्ये लेखाइ सिपगत अभिव्यक्तिलाई लिपि तथा लेख्य चिह्न, व्याकरण, शैलीशिल्पका आधारमा प्रस्तुत गरिन्छ । नेपालका स्कुलहरूमा कक्षा दुईका बालबालिकाको लेखाइसम्बन्धी अनुसन्धानमा सबभन्दा सजिला अक्षर ल, प र न देखिएका छन् । लेख्ता बसाइ, समाइ, हेराइ, कागत र कापी सबै कुरामा ध्यान दिनुपर्छ (बन्धु, २०७३) । लिखित रूपमा आफ्ना विचार, भावना, अनुभव, घटना, सिर्जना आदिलाई अभिव्यक्त गरेर लेखाइ सिप विकास गर्ने प्रक्रिया माथिल्लो कक्षामा मात्रै सम्भव हुन्छ । यो सिप शिक्षण प्रक्रियामा अनुलेखन र सिर्जनात्मक लेखनमध्ये आधारभूत तहका बालबालिकालाई अनुलेखनमै जोड दिनु सार्थक हुन्छ ।

तल्लो कक्षामा ध्वनि, वर्ण, पद, पदावली, वाक्य आदिको पहिचान, विभेदीकरण र सचेतीकरणको अभ्यास गराउन सकिन्छ ।

### *प्रारम्भिक तहका लागि पठन सिपका तत्त्वहरू*

नेपाल सरकारले वि.सं. २०७० मा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अवधारणालाई अघि सार्‍यो । पञ्च वर्षीय कार्यक्रमका रूपमा विशेषतः राष्ट्रको साक्षरता र प्रारम्भिक कक्षाको सिकाइ उपलब्धि विकास गर्ने उद्देश्य बमोजिम यसलाई पढाइ र भाषासम्बन्धी सिद्धान्त अनुरूप प्रयोग गरिएको थियो (शिक्षा मन्त्रालय, २०७०) । प्रारम्भिक तह (कक्षा १-३) मा पठन सिप विकास गर्ने योजना अनुसार पढाइका तत्त्वहरूलाई निर्क्योल गरियो । यसमा पठनबोध र पठनप्रवाहलाई प्रश्रय दिइन्छ । यस सन्दर्भमा विज्ञ २ को विचार सान्दर्भिक देखिन्छ :

> पढ्ने भनेको चाहिँ सामान्य (सिम्पल) उच्चारण गर्ने कुरा मात्र होइन । त्योसँग बोध जोडिएको छ । बोधलाई सँगसँगै लगेर उसले पढ्न सक्यो भने चाहिँ उसको सिकाइ... राम्रो हुन्छ, दिगो हुन्छ । त्यो... नेपाली विषयको लागि भनेर अहिले हामी यहाँ कार्यान्वयन गर्‍यौँ । तर, नेपाली मात्र नभईकन जुनसुकै विषयमा पनि योचाहिँ लागू हुन्छ । यो विषयमा... अहिले पठन सिपको विकास भयो भनेचाहिँ उसको बोध क्षमता बढ्छ । बोध क्षमता बढ्यो भने सिकाइ राम्रो हुन्छ र त्यसले चाहिँ एउटा धारणा निर्माण गर्न सजिलो बनाउँछ । धारणा निर्माण भएपछि त सिकाइ हुने... हो नि- एउटा सिकाइको साम्राज्य निर्माण हुने हो ।

अध्ययनहरूले कुनै पनि पठन सामग्रीलाई बालबालिकाले जति छिटो र सही तरिकाले उच्चारण गरेर पढ्न सक्छन् त्यति नै धेरै उनीहरूमा बोध क्षमता विकास हुने कुरा देखाएका छन् (कस्टमाज्ड पुनर्ताजगी तालिम, २०७६) । यो कार्यक्रमले पठनबोधको विकास प्रक्रियाका माध्यमबाट सार्थक पढाइमा जोड दिएको छ । शिक्षा मन्त्रालय (२०७०) ले प्रारम्भिक कक्षा पढाइ कार्यक्रममार्फत आधारभूत तहको पठन सिप विकासका लागि निर्क्योल गरेका विषयवस्तुलाई नेपाल सरकारका विभिन्न दस्ताबेजमा उल्लेख गरेको पाइन्छ । यसका लागि घिमिरे र अन्य (२०७३); राई र अन्य (२०७३); शिक्षा मन्त्रालय (२०७४) तथा अधिकारी र अन्य (२०७५) ले सुझाएका शिक्षण प्रक्रियाका आधारमा उक्त छओटा पठनतत्त्वगत प्रक्रियालाई यसप्रकार देखाइएको छ :

***ध्वनि सचेतीकरण :*** ध्वनिविज्ञान अनुसार औच्चार्य अवयवबाट मानवीय सार्थक ध्वनिको उच्चारण आवश्यक मानिन्छ । ध्वनिलाई सुनेर पहिचान गर्ने, चित्राकृतिबाट पहिचान गर्ने वा शब्दभित्रको ध्वनिलाई देखाएर छुट्याउने कार्यलाई यसमा समावेश गर्न सकिन्छ । यसमा शरीरका ज्ञानेन्द्रियहरूले काम गर्ने हुनाले ध्वनि र शरीरका कान, आँखा, मुख आदि अङ्गको सक्रियता आवश्यक हुन्छ । ध्वनि सचेतीकरणका सम्बन्धमा घिमिरे र अन्य (२०७३) को भनाइ यस्तो रहेको छ :

> ध्वनि सचेतीकरण भनेको ध्वनि सुन्ने, पत्ता लगाउने र आवाजमा फेरबदल गर्ने मौखिक भाषिक सिप हो । ध्वनि सचेतीकरण अन्तर्गत औच्चारिक ध्वनि, साञ्चारिक ध्वनि र श्रावणिक ध्वनि पर्दछन् । ध्वनि शिक्षणको अन्तिम लक्ष्य श्रावणिक ध्वनिमार्फत ध्वनि बोध

गराउनु हो । नेपाली भाषामा छओटा औच्चार्य स्वर ध्वनि र २९ ओटा औच्चार्य व्यञ्जन गरी जम्मा ३५ ओटा ध्वनिहरूको सचेतीकरण गराउनुपर्ने व्यवस्था छ । ...प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा ध्वनि सचेतीकरण मौखिक वाक्यमा भएका शब्दहरू उच्चारण शब्दखण्ड (Syllable) को उच्चारण र उपयोग, ध्वनि फेरबदल, थप्ने, झिक्ने तथा कविता र गीतजस्ता मौखिक क्रियाकलापबाट सिकाउने व्यवस्था गरिएको छ ।

भाषाका स्वर ध्वनि, व्यञ्जन ध्वनि, आक्षरिक ध्वनि, अनाक्षरिक ध्वनि, ध्वनि चिह्न, सुर, तान, बलाघात, अनुतान, संहिताजस्ता पक्षलाई यसमा ध्यान दिइन्छ । शैक्षिक जनशक्ति विकास केन्द्र (राई र अन्य, २०७३) द्वारा प्रस्तुत दस्तावेज अनुसार विभिन्न अनुसन्धानहरूबाट कक्षा १ मा उपयुक्त ध्वनि सचेतीकरण हुन नसकेका बालबालिका कक्षा ४ को अन्त्यसम्ममा आइपुग्दा पनि कमजोर पाठककै रूपमा रहिरहन्छन् भन्ने तथ्य पुष्टि भइसकेको छ (पृ. १२) । ध्वनि सचेतीकरणार्थ ध्वनि पहिचान गर्ने, ध्वनि छुट्याउने, ध्वनि थप्ने, ध्वनिलाई जोड्नेजस्ता अभ्यास आवश्यक हुन्छ । यस कार्यकलापलाई सम्पन्न गर्नका लागि ध्वनि चिनारीसँगै शब्द वा शब्दांशको अभ्यास गराउनुपर्ने हुन्छ । चित्रपत्ती, चित्र वा शब्दपत्ती, बालगीत आदिका माध्यमबाट यस्तो अभ्यासको व्यावहारिक प्रयोग गर्न सकिन्छ ।

**तालिका १**

*ध्वनि सचेतीकरणका लागि अभ्यासको नमुना*

| क्र.सं. | प्रक्रिया | नमुना अभ्यास |
|---|---|---|
| १ | ध्वनि पहिचान | क-ल-म = कलम, म-क-ल = मकल, ख.आ-त =खात, आ-म.आ= आमा |
| २. | ध्ननिविच्छेद | पसल= अगाडि ‘प’, बिचमा ‘स’ र अन्त्यमा ‘ल’ |
| ३. | ध्वनि थपोट | क....स = कलस, प....ल = पसल, अ....ल = असल |
| ४. | ध्वनिनिर्माण | स-क-ल शब्दमा स-क-स (‘ल’ हटाई ‘स’ राखेर निर्माण)<br>ध्वनि जोड्ने- क्+इ+त्+आ+ब्+अ = किताब (शब्द जोडेर ध्वनिनिर्माण) |

स्रोत : राई र अन्य, २०७३ ।

आधारभूत तहका बालबालिकालाई ध्वनिसँग खेलेर चिन्ने अवसर दिनुपर्छ । शैक्षिक जनशक्ति विकास केन्द्र (२०७४) द्वारा (पठन सिप विकास तालिम स्रोत सामग्री : प्रारम्भिक कक्षा १-३ मा) प्रस्तुत तालिकानुसार कक्षा १ का लागि कथा, कविता, रङ भर्नेजस्ता क्रियाकलापमार्फत सिकाइमा सक्रिय गराउनु उपयुक्त हुन्छ । थोप्ला जोडाइ, चित्रकथा, स्वर र व्यञ्जन शब्दको चिनारी र उच्चारण गराइन्छ । कक्षा २ मा कक्षा १ को पाठलाई पुनरावृत्ति गराई ध्वनि छुट्याउने र ध्वनि जोड्ने, ध्वनि थप्ने, अक्षर जोड्ने र छुट्याउने कार्य गराई ध्वनि पहिचान गराउन सकिन्छ । त्यस्तै कक्षा ३ मा लययुक्त गीत वा कवितामा शब्दको ध्वनि पहिचान, जोडाइ र छुट्याइको अध्यास, जोडेमोडेका ध्वनिलाई जोड्ने, छुट्याउने, पहिचान गर्ने, सिङ्गो शब्द बनाउनेजस्ता अभ्यास गराउन सकिन्छ । यसलाई पठन सिकाइको पहिलो आधार मानिन्छ ।

**लेख्यवर्ण सचेतीकरण** : लिखित वर्णहरूको चिनारीका माध्यमबाट बालबालिकामा सिकाइ अभ्यास गर्नु आवश्यक हुन्छ । बालबालिकालाई लिखित सामग्रीका माध्यमबाट वर्ण, शब्द र ध्वनिको चिनारी गराइन्छ । लेख्यवर्ण सचेतीकरण अन्तर्गत मुद्रित सचेतना, वर्णमाला सचेतना, विसङ्केत र पठन अभ्यासजस्ता कुराहरू पर्दछन् । यसमा अक्षर, मात्रा, शब्द, आधार अक्षर र वाक्यसम्म चिन्न र लेख्न सक्छन् (राई र अन्य, २०७३, पृ. १५) । यो विषय विद्यार्थीको तह, स्तर, क्षमतामा पनि आधारित देखिन्छ । लेख्यवर्णको सम्बन्ध ध्वनिसँग हुन्छ । भाषिक ध्वनिहरूमा ध्वनि र वर्णबिचको सम्बन्धलाई स्थापित गराई वर्णसँग परिचित गराउन सकिन्छ। प्रारम्भिक कक्षाहरूमा लेख्यवर्ण सचेतीकरण शिक्षणबाट शब्दज्ञान, पठनप्रवाह र पठनबोधको विकास गराउन सकिने देखिन्छ (घिमिरे र अन्य, २०७३, पृ. २१) । यस प्रक्रियामा मौखिक अभ्यासपछिको हिज्जे अभ्यासका माध्यमबाट शिक्षण गरिन्छ । यो पठनतत्त्व विकासका लागि छापा सामग्री, अक्षर/वर्ण चिनारी, अक्षर/वर्णध्वनि सम्बन्ध, विसङ्केतन, हिज्जे र अक्षर संरचनागत सिकाइ आवश्यक हुन्छ ।

**तालिका २**

*लेख्यवर्ण सचेतीकरणका लागि अभ्यासको नमुना*

| क्र.सं. | प्रक्रिया | नमुना अभ्यासको आधार |
|---|---|---|
| १ | लेख्यवर्ण चिनारी | • ध्वनि सचेतीकरणमा जसरी नै स्वर र व्यञ्जन वर्णको चिनारी<br>• ा, ि, ी, (, ) जस्ता लेख्य चिह्नको सिपगत अभ्यास<br>• अ+ा=आ, क+ि=कि जस्ता बाह्रखरीयुक्त अक्षरको चिनारी |
| २. | आधा अक्षर चिनारी | • ख-ख्, ग-ग्, च-च् तथा ङ्, ट्, ठ्, ड्, ढ्, द् चिनारी<br>• ख्र, ग्र, च्र, ङ्र, ट्र, ठ्र आदिको चिनारी |
| ३. | शब्दनिर्माण | अक्षरपत्ती जोड्ने अभ्यास, मिलाउने अभ्यास (भएका शब्दमध्येबाट 'प, स, ल' छनोट गर्नु) |
| ४. | वाक्य निर्माण | शब्द समूहबाट शब्द छानी वाक्य बनाउने (शब्दपत्तीबाट : म किताब पढ्छु) |

स्रोत : राई र अन्य, २०७३ ।

लेख्यवर्ण सचेतीकरणको अभ्यासमा स्वर, व्यञ्जन, मात्रा र चिह्नको शिक्षण गरिन्छ । बालबालिकाले ध्वनिलाई लिपिमा रहेका निश्चित वर्णलाई पहिचान गरी शब्द जोड्ने, छुट्याउने, ध्वनि र अक्षरको भेद पहिचान गर्ने कार्य गर्छन् । लेख्यवर्ण सचेतीकरण र हिज्जेबिच दोहोरो सम्बन्ध हुने हुनाले पहिला मौखिक हुँदै क्रमशः हिज्जेसम्बन्धी अभ्यास गराउँदै जानुपर्छ (अधिकारी र अन्य, २०७५, पृ. ६१) । उच्चार्य सङ्केतलाई संयुक्त अक्षर वा सामान्य अक्षरका रूपमा खण्ड-खण्ड गरेर बुझाउने कार्यले लेख्यवर्ण सचेतीकरणको विकास गराउँछ। विशेषतः ध्वनि र सङ्केतबिचको तालमेल मिलाउने अभ्यासका क्रममा लेखन प्रतिक्रिया, थोप्ला जोडाइ, समान र असमान चित्रको मिलान, समान-असमान शब्द मिलान, अक्षर संरचना, ध्वनिसंरचनाजस्ता पक्षलाई जोड दिनु आवश्यक देखिन्छ ।

**पठनप्रवाह** : विद्यार्थी वा पाठकको पठनको गतिलाई पठनप्रवाह भनेर बुझिन्छ । शुद्ध, छिटो र स्पष्ट पठनको गतिसँग पठनबोध हुनु आवश्यक हुन्छ । पाठ्यसामग्रीमा प्रयुक्त शब्द, पदावली, उपवाक्य र वाक्यसम्मको गति, यति, लय, चिह्न आदिलाई ख्याल गरी पढ्ने अभ्यास गराएमा पठनप्रवाह बढाउन सकिन्छ । भाषा सिकाइमा बालकको सुझबुझयुक्त पठनको गतिले उसको सिकाइलाई चुस्त र प्रभावकारी बनाउन मुख्य भूमिका खेल्छ । कक्षा चढ्दै जाँदा पढ्नुपर्ने सामग्रीको मात्रासमेत बढ्दै जाने भएकाले विद्यार्थीमा तल्ला कक्षाहरूमा नै पठनप्रवाह विकास गर्नुपर्छ । सफल पाठकले पढ्ने क्रममा नरोकीकन अक्षर, शब्द, वाक्यांश र वाक्यमा दिमाग र आँखा दुवै लगाउँछ (शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७६) । पठनको गति वा प्रवाहमा पठनबोध पनि आवश्यक हुन्छ । पठन सिपलाई पठनप्रवाहले मूर्तता दिने काम गर्छ । जति छिटो र सही तरिकाले कुनै पनि पठन सामग्रीलाई बालबालिकाले ठिक उच्चारण गरेर पढ्न सक्छन् त्यति नै धेरै उनीहरूमा बोध क्षमता विकास हुने कुरा अध्ययनले देखाएको पाइन्छ (घिमिरे र अन्य, २०७३) । अत: सिकारुमा सिपमूलक सिकाइको विकास गर्न पठनप्रवाहलाई यान्त्रिक अभ्यासमा नभई सुझबुझयुक्त अभ्यासमा केन्द्रित तुल्याउनुपर्छ ।

**तालिका ३**

*पठनप्रवाहका लागि अभ्यासको नमुना*

| क्र.सं. | प्रक्रिया | क्रियाकलापको आधार |
|---|---|---|
| १ | वर्णपठन | शुद्ध पठन |
| २. | शब्दपठन | शुद्ध र वेगका साथ पठन |
| ३. | डिकोडेबल पठन | शुद्ध, वेग र प्रवाहका साथ पठन |
| ४. | सस्वर पठन | पाठ्यसामग्रीलाई देखाएर आरोह, अवरोह, गति, यति, हाउभाउसहितको शिक्षकद्वारा नमुना पठन (शिक्षकद्वारा आदर्श पठन) |
| ५. | साझा पठन | शिक्षकले विद्यार्थीलाई सँगै पढ्न लगाउने (शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थी, समूह-समूह पठन) |
| ६. | स्वतन्त्र पठन | विद्यार्थीलाई व्यक्तिगत अभ्यास गराउने (व्यक्तिगत पठन) |

स्रोत : राई र अन्य, २०७३ ।

तल्ला कक्षामा वर्ण चिनेर कक्षा तीनसम्म पुग्दा अनुच्छेद पढ्न सक्ने विद्यार्थीको पठनको गति, शुद्धता र स्पष्टतालाई घडी र समय हेरेर पढाउन सकिन्छ । संयुक्ताक्षर, खुट्टो काटिएका, खुट्टो तानिएका वर्णहरूलाई ध्वनिविभेदीकरण गरेर पठनप्रवाहमा सहजीकरण गर्नुपर्ने हुन्छ । पठनप्रवाह शिक्षणका लागि शुद्ध विसङ्केतीकरण, गति सच्याउने, आफैं सच्याउने, हिज्जे सुधार, चिह्न र अन्तरालको सही प्रयोग, हाउभाउसहितको पढाइ तथा लेखनको अनुसरण (राई र अन्य, २०७३) आवश्यक रहने कुरालाई चरणबद्ध रूपमा देखाइएको पाइन्छ । पठनतत्त्वगत अन्तरसम्बन्धबाट पठनप्रवाहको विकास गर्न सकिन्छ । साक्षर नभईकन पठन सिपगत क्षमता विकास गराउन सकिँदैन । यसर्थ ध्वनि सचेतीकरण र लेख्यवर्ण सचेतीकरणको प्रभावकारी अभ्यासले मात्रै पठनप्रवाहलाई सहज तुल्याउँछ ।

**शब्दभण्डार :** भाषा सिकाइका लागि शब्दज्ञान आवश्यक हुन्छ । शब्दलाई भण्डारण गरेपछि मात्रै भाषा सिकारुले भाषिक सङ्कथनलाई पूर्णता प्रदान गर्न सक्छ । वर्णज्ञानसँग शब्द र शब्दज्ञानको समूहका आधारमा शब्दभण्डारको विकास हुन्छ । बालबालिकाको भाषा सिकाइमा अर्थपूर्ण शब्दहरूको

भण्डार हुनु आवश्यक हुन्छ । यसका लागि उनीहरूले सिकाइका लागि प्रशस्त वातावरण पाउनुपर्ने हुन्छ । शब्दको ज्ञान हुनु भनेको शब्दको सूची र तिनले दिने अर्थसँग परिचित भई वाक्यमा प्रयोग गर्न सक्नु हो (घिमिरे र अन्य, २०७३) । बालबालिकाले सहज र सिकाइमैत्री वातावरणबाट शब्दभण्डारको विकास गर्छन् । सिकारुको पठन सक्षमता विकासमा शब्दभण्डार अपरिहार्य तत्त्व पनि हो । पठनप्रवाह र बोध दुवैमा शब्दभण्डारको आवश्यकता रहन्छ । यसले सिकारुको पठन गति र बोधमा महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ । ... शब्दभण्डारको बढीभन्दा बढी विकासले सिकारुमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप प्रयोग गरी सञ्चार गर्ने क्षमताको विकासमा (राई र अन्य, २०७३) सहायता प्रदान गर्ने भएकाले बालबालिकालाई घोकाएरभन्दा बुझाएर पढाउनु आवश्यक हुन्छ । यसर्थ भाषिक सिप विकासको एउटा मुख्य आधारका रूपमा शब्दभण्डार विकासलाई अपनाउनुपर्ने देखिन्छ ।

**तालिका ४**

*शब्दभण्डारका लागि अभ्यासको नमुना*

| क्र.सं. | प्रक्रिया | क्रियाकलापको आधार |
|---|---|---|
| १ | शब्दोच्चारण अभ्यास | • आदर्श उच्चारण, सामूहिक उच्चारण र व्यक्तिगत अभ्याससहितको उच्चारण |
| २. | अर्थबोध अभ्यास | • 'राम्रो' शब्दलाई बुझाउन : १. राम्रो वस्तुको चित्र देखाउने (पर्यायवाची अर्थबाट) २. नराम्रो वस्तुको चित्र देखाउने (विपरीत अर्थबाट) ३. कुनै कार्य गरेर देखाउने (प्रयोगबाट)<br>• 'पहेँलो' शब्दलाई बुझाउन : १. रङ देखाउने २. विद्यार्थीलाई पहेँलो वस्तु पहिचान गर्न लगाउने ३. अन्य रङ र पहेँलो रङ छुट्याउन लगाउने आदि ।<br>• भौतिक वस्तु देखाई त्यसको नाम भन्न लगाउने ।<br>• अमूर्त भावका लागि चित्र वा प्रतिमूर्तिद्वारा नाम भन्न लगाउने ।<br>• अनुकरण गरेर शब्दबोध गराउने (नमस्कार, दुखाइ, खुसी आदि) |
| ३. | हिज्जे र अर्थबोध | • शब्दलाई कार्डमा देखाउने, 'फ-ला-म' शब्दलाई उच्चारण र अर्थ सँगै राखेर सिकाउने<br>• अर्थ मिल्ने शब्दमा जोडा मिलाउन लाएर अभ्यास गराउने |
| ४. | वाक्यमा प्रयोग | • शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने अभ्यास : शिक्षकमार्फत, मौखिक अभ्यासमार्फत, स्वतस्फूर्त बनाउन लगाउने, सामूहिक अभ्यासमार्फत र व्यक्तिगत अभ्यास |
| ५. | खेल विधिको उपयोग | • शब्द फेला पार्ने, गोटी जोडेर शब्द बनाउने, बाकसका अक्षर जोडेर शब्द बनाउने, अनुच्छेदबाट शब्द खोज्ने आदि । |
| ६. | आवाज सुनेर शब्द तथा वस्तु पहिचान | • विद्यार्थीलाई शब्द पहिचानसम्बन्धी अन्य अभ्यास गराउन सकिने । |

स्रोत : राई र अन्य, २०७३ ।

पठन सिपमा शब्दभण्डारको विकासले आन्तरिक सक्षमता विकास गराउन मद्दत गर्दछ । भाषा सिकारुलाई सिकाइमा संज्ञानात्मक क्षमता अभिवृद्धि गराई भाषिक ज्ञानको विकास गराउने हुँदा शब्दभण्डार शिक्षण अपरिहार्य हुन्छ । यसमा सस्वरवाचन, मौन पठन, लयबद्ध पठन, हिज्जे, शब्दार्थ अध्ययन प्रक्रिया, कथोपकथन, श्रुतिलेखन, अनुलेखन आदिले पनि सहयोग गरेको हुन्छ । प्रारम्भिक तहमा चाहिँ शब्दज्ञानको विकास गराउन बढीभन्दा मूर्त, सचित्र, व्यवहारमुखी, क्रियाकलापमैत्री वस्तु, चित्र, पाठ्य र श्रव्य-दृश्य सामग्रीद्वारा शब्दभण्डार विकास गराउनु उपयुक्त देखिन्छ ।

**पठनबोध :** सिकारुमा पढेका कुरालाई स्थायी र गुणस्तरीय तुल्याउने आधार बोध हो । यान्त्रिक पढाइले दिगो सिकाइमा सहायता पुऱ्याउँदैन । पढेका कुरा बुझेर अर्थ लगाउन सकेमा पठनबोध हुन्छ । पठनबोध क्षमताले सिकारुको बौद्धिक क्षमता विकासमा सहायता पुऱ्याएको देखिन्छ । पढेका कुराबाट आफूले बुझ्ने र अरूलाई भन्न सक्ने गरी अर्थ निर्माण गर्ने क्षमताको विकास (घिमिरे र अन्य, २०७३, पृ. २६) गरेर अर्थपूर्ण पढाइ परिवेश निर्माण गर्न सकिन्छ । पढाइलाई जीवन्त र सार्थक बनाउन पठनबोधको आवश्यकता पर्दछ । पठनबोधको अभिप्रायः भनेको हेरेर, बुझेर र पाएको ज्ञानलाई उपयोग गरेर केही नयाँ कुरा प्राप्त गर्नु र अर्थ निकाल्नु हो । यसबाट अन्तर्दृष्टिको विकास पनि गरिन्छ (राई र अन्य, २०७३) । सिकारुको मस्तिष्कमा विषयवस्तुको अवधारणा विकास गराउन पनि पठनबोध आवश्यक हुन्छ । बालपठनबोध आन्तरिक र बाह्य प्रभावमा आधारित हुन्छ (भट्टराई, सन् २०२३) । यसका लागि ध्वनि सचेतीकरण, लेख्यवर्ण सचेतीकरण, पठनप्रवाह, शब्दभण्डारले समेत सहायता पुऱ्याएको देखिन्छ । यसमा शब्दज्ञान (शब्दोच्चारण, शब्द हिज्जे, शब्दार्थ र शब्द प्रयोग), पठनप्रवाह (वर्णपठन : शुद्धता, शब्दपठन : शुद्धता, वेग, डिकोडेबल पठन : शुद्धता, वेग, प्रवाह) र पठनबोध (अनुमान; छ/छैन वा हो/होइन भन्ने खालका प्रश्न; के, को, कहिले, कहाँ भन्ने प्रश्न; किन, कसरी भन्ने प्रश्न; सङ्क्षेपीकरण र मन परेको खण्ड) (शैक्षिक जनशक्ति विकास केन्द्र, २०७३) को सम्बन्धलाई ध्यान दिनु उपयुक्त हुन्छ । यसर्थ पठनबोध भनेको पढेका कुरालाई आफूले बुझ्नु र लिखित वा मौखिक रूपमा अभिव्यक्त गर्न सक्नु हो ।

**तालिका ५**

*पठनबोधका लागि अभ्यासको नमुना*

| क्र.सं. | प्रक्रिया | क्रियाकलापको आधार |
|---|---|---|
| १ | प्रश्नोत्तर | • स्तरअनुसार मौखिक, लिखित र प्रदर्शनात्मक प्रश्नोत्तर अभ्यास<br>• कथा वर्णन, घटना वर्णन आदिबाट प्रश्नोत्तर |
| २. | छोटो उत्तर | • एक वाक्यमा भन्ने र लेख्ने उत्तर |
| ३. | लामो उत्तर | • आफ्नो भाषामा भन्ने र लेख्ने उत्तर |
| ४. | तार्किक उत्तर | • तहअनुरूप समीक्षात्मक उत्तर, टिप्पणी, तर्क क्षमतामुखी<br>• जिज्ञासा, चाहना, भावना व्यक्त गर्ने विचारमुखी<br>• जानेको कुरा स्वतः व्यक्त गर्ने उत्तर |

स्रोत : राई र अन्य, २०७३ ।

पठनबोध क्षमताका आधारमा बालबालिकाको बुझाइ, दक्षता र ज्ञानलाई मूल्याङ्कन गर्न सकिन्छ । पठनबोधमा श्रुतिबोधलाई सहायक मात्र मान्नुपर्ने देखिन्छ । विद्यार्थी स्वयम्ले पढेर बुझ्न सक्ने र अभिव्यक्त गर्न सक्ने क्षमता विकास गर्न उसलाई सोही अनुरूपको वातावरण आवश्यक

पर्छ। पठनतत्त्वको मान्यता अनुसार लिखित सामग्रीलाई सिकारुले पढेर अर्थ्याउन र भावबोध गर्न सक्नुपर्ने हुन्छ। पठनबोध क्षमता विकासका लागि विभिन्न चित्रात्मक प्रस्तुतिसहित वर्णन गर्न, सुनेका वा आफूले पढेका पाठबारे पूर्वानुमान गर्न, घटनाक्रम मिलाउन, छलफल र प्रश्नोत्तर गर्न, बोधमा आधारित प्रश्नोत्तर गर्न र सारांश निर्माण गर्न सकिन्छ (शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७६)। यसर्थ प्रारम्भिक तहको पढाइलाई सार्थक र जीवनोपयोगी तुल्याउन पठनबोधका प्रक्रियालाई अवलम्बन गर्नुपर्ने देखिन्छ। यस प्रक्रियामार्फत बालसिकाइलाई प्रभावकारी, व्यावहारिक र बालमनोविज्ञानमुखी बनाउन सकिने देखिन्छ।

**लेखाइ :** भाषा र सङ्केतबिचको सार्थक लिप्यात्मक कार्यलाई लेखाइ भनिन्छ। पढाइ सिपको प्रभावकारी विकासपश्चात् लेखाइ क्षमता विकास सम्भव हुन्छ। कक्षा ३ सम्म पुग्दा पनि कलम समाउन नजान्ने, धर्का तान्न, डिको दिन, शब्द र अक्षर लेख्न, वाक्य तयार पार्न, चित्र वा जानेको कुरालाई स्तरअनुकूल प्रस्तुत गर्न नसके माथिल्लो कक्षाको सिकाइ कमजोर हुने देखिन्छ। प्रारम्भिक तहमा राम्ररी पढ्न र लेख्न नसकेका बालबालिकाको पछिसम्मकै समग्र शैक्षिक उपलब्धि कमजोर रहन्छ। यसले गर्दा उनीहरूको जीवनमा अन्य पक्ष एवम् उलपब्धिहरूमा समेत प्रत्यक्ष असर पार्दछ (अधिकारी र अन्य, २०७५)। बालबालिकाले तहअनुसार लेखाइको क्रममा कलम समाउने, धर्सा कोर्ने अभ्यासदेखि वर्ण, शब्द, वाक्य र अनुच्छेद लेखनको विकास गरेका हुन्छन्। आधारभूत तहमा विषयलाई प्रधानता दिएका कारण पढाइ, लेखाइ तथा बोधजस्ता आधारभूत सिप ओझेलमा परेका हुन्छन्। विषयगत ज्ञानलाई पछिल्ला कक्षाहरूमा समावेश गर्न सकिन्छ (शिक्षा मन्त्रालय, २०७०, पृ. २५)। लेखाइसँग उपयुक्त पठनतत्त्वगत प्रक्रियाको क्रमिक र आपसी सम्बन्ध रहन्छ। पठनबोध विकासको परिणाम स्वरूप लेखाइ सिपलाई उच्चस्तरीय शैक्षिक उपलब्धि मान्नुपर्छ। लेखाइ सिपमा मात्रा, हिज्जेज्ञान, सचेत लेखन, स्पष्ट लेखनजस्ता पक्षहरू समावेश हुन्छन्।

**तालिका ६**

*लेखाइका लागि अभ्यासको नमुना*

| क्र.सं. | प्रक्रिया | सिकाइ अभ्यासको आधार |
|---|---|---|
| १ | श्रुतिलेखन, अनुलेखन, स्वतन्त्र लेखन | • तहगत आधारमा चित्र जोड्ने, थोप्लोबाट वर्ण निर्माण<br>• आकृति निर्माण तथा रङ भराइ<br>• वर्ण, शब्द, वाक्य र अनुच्छेद लेखन अभ्यास<br>• लेख्य चिह्नसहित वाक्य र सरल अनुच्छेद रचना<br>• स्वतन्त्र विचार प्रस्तुति तथा सिर्जनात्मक लेखन |
| २. | वाक्य निर्माण | म गयो।<br>राम घर गइन्।<br>सीता गएँ। |
| ३. | पदक्रम मिलाउने | • गएँ म घर।, सीता गइन् घर।, किताब पढ्यो भाइले। |
| ४. | ठिक/बेठिक | • वाक्य दिएर लेख्न लगाउने अभ्यास। |
| ५. | बोध प्रश्नोत्तर | • अनुच्छेद, कवितांश, कथांश आदिबाट प्रश्नोत्तर लेखन अभ्यास। |

स्रोत : राई र अन्य, २०७३।

लेखाइ सहजीकरणका सन्दर्भमा तहगत लक्ष्यमा ध्यान दिनुपर्ने हुन्छ । कक्षा एकका बालबालिकालाई पूर्वज्ञान र पूर्वसिकाइ अनुरूप अक्षर जोड्ने, थोप्ला जोडेर चित्र निर्माण गर्ने तथा वर्ण, शब्द र सरल वाक्य निर्माण गर्न लगाउनेजस्ता अभ्यास गराउन सकिन्छ । कक्षा दुई र तीनमा आइपुग्दा सरल प्रकृतिको अनुच्छेद लेखन हुँदै पदसङ्गतिमूलक वाक्यरचनासहितको अभ्यास गराउन सकिन्छ । यी सन्दर्भमा शिक्षक निर्देशिका, शिक्षण विधि र नवीनतम प्रक्रिया, शैक्षिक सामग्री तथा अतिरिक्त सामग्रीको उपयोगजस्ता विषयलाई समावेश गर्नुपर्ने हुन्छ ।

### *प्रचलित चार सिप र पठनतत्त्वबिचको सम्बन्ध*

समग्र शिक्षाको जगका रूपमा रहेको आधारभूत तहको जगचाहिँ गणितीय क्षमता विकास तथा पठन सिप विकास हो । यसलाई नेपालमा शिक्षा मन्त्रालय (२०७०) ले राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (राप्राकपका) लाई अघि बढाएको देखिन्छ । यस क्रममा पाठ्यक्रम विकास केन्द्र (२०७८) ले चारओटा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) तथा आठओटा भाषिक तत्त्व (ध्वनि सचेतीकरण, श्रव्यदृश्य बोध, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पठनप्रवाह, बोध, लेखाइ र कार्यमूलक व्याकरण) को सन्दर्भलाई जोडेर आधारभूत तह अन्तर्गत कक्षा १-३ का विद्यार्थी सिकाइ सहजीकरणका विषयलाई समेटेको छ । यसमा पठनतत्त्वभित्र श्रव्यदृश्य बोध र कार्यमूलक व्याकरणलाई थप गरेको देखिन्छ । यसलाई पाठ्यक्रम विकास केन्द्र (२०७६) को विद्यालय शिक्षाको पाठ्यक्रम प्रारूपमा आधारभूत तह अन्तर्गत कक्षा १-३ को पाठ्यक्रम संरचनाभित्र पनि राखेको देखिन्छ । भाषिक सिप अन्तर्गत सुबोपले सिप विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिप विकासजस्ता पक्षहरूमा ध्यान दिनुपर्ने विषयले नवीन पठनतत्त्वलाई सूक्ष्म रूपमा समेट्न खोजेको देखिन्छ । यस प्रसङ्गमा विज्ञ १ को विचार बढी सान्दर्भिक देखिएको छ :

> हामी पहिले पहिले पढाइ भनेको सुनाइ, बोलाइ, पढाइ, लेखाइ भन्थ्यौँ । भाषाका चारओटा सिप हुन्छ र त्यसमा पढ्ने कुरा भन्थ्यौँ । सस्वर वाचन, मौन वाचनका कुरा गर्थ्यौँ । द्रुतपठन भन्थ्यौँ ।...... यो अलिक पुरानो भयो । अहिलेचाहिँ पठन भनेको वास्तवमा एउटा सङ्केत हो । कुनै चीजलाई चिन्नु हो । जस्तै- हामीले आँप, सुन्तला, केरा भनेर फ्याट्ट-फ्याट्ट चिन्न सक्छौँ । मूल रूपमा भन्दा त्यसै गरेर लिखित वर्णहरू त्यसलाई चिन्नु हो । शब्दहरूलाई चिन्नु हो । अर्थलाई बुझ्नु हो । निश्चित गतिमा निश्चित गतिमा पढ्न सक्नु भन्ने हो । यसलाई चाहिँ अलिकति पढाइको फरक अवधारणा मानिन्छ । यो कुरा किताब मात्र पढ्ने होइन, बोधसँग पनि सम्बन्धित र पठनको प्रवाहसँग पनि सम्बन्धित अनि लेखाइमा गएर टुङ्गिने...। ध्वनिबाट सुरु हुने, लेखाइमा गएर टुङ्गिने र सिकारुले जे कुरा ग्रहण गर्छन्, बोध गर्छन् त्यो बोध गर्नेसँग सम्बन्धित कुरालाई चाहिँ पढाइ भनेर बुझिन्छ । र, ईजीआरपीको कन्सेप्ट (राप्राकपकाको अवधारणा) मा पनि ल्याइएको कुरा यही हो ।

प्रस्तुत सन्दर्भले राप्राकपकाको अवधारणा अनुरूप पठनतत्त्वगत मर्मलाई प्रस्ट्याएको छ । यसमा विद्यार्थीहरूमा पठनबोधयुक्त पठनप्रवाहको विकास गर्ने उद्देश्य बमोजिम सुबोपलेभन्दा फरक

तरिकालाई अवलम्बन गरेको कुरालाई अर्थ्याइएको छ । यस विषयलाई विज्ञ ३ को अवधारणाले थप पुष्टि गरेको देखिन्छ :

> विश्वव्यापी सिद्धान्त (ग्लोबल थेउरी) अनुसार ६ देखि १० वर्षमा चाहिँ... बच्चाहरूको... बढी विकास हुँदो रै'छन् नि त । उनीहरूको जति पनि कग्नेटिभ डिभलपमेन्ट (संज्ञानात्मक विकास) हुने त ६-१० वर्षका बच्चाहरूको रै'छ । त्यो भनेको १ देखि ३ कक्षासम्म पर्दा र'छन् । अनि, त्यो अवस्थामा चाहिँ उनीहरूको कग्नेटिभ डिभलपमेन्ट (संज्ञानात्मक विकास),... साइकोलोजिकल डिभलपमेन्ट (मनोवैज्ञानिक विकास)... सम्बन्धी प्रमाणित सिद्धान्त बमोजिम... यहाँ करिकुलम डेभलप (पाठ्यक्रमको विकास) गरे ।

विज्ञको यो कथन अनुसार प्रमाणित सिद्धान्तका आधारमा प्राकपकाको अवधारणालाई अवलम्बन गरिएको हो । नेपालमा पनि सिकाइ मनोविज्ञानको उक्त चिन्तनलाई अवलम्बन गर्नु उपयुक्त ठहर्छ । बालबालिकाको सिकाइमा जैविक र मनोवैज्ञानिक प्रभावकहरू दृश्यात्मक र प्रत्यक्ष देखिने प्रकृतिका हुँदैनन् । बाह्य वातावरणमा पनि बालबालिकाले सोच्ने, स्मरण गर्ने, सिकाइमा रुचि राख्ने, लगनशील हुने वा नहुने भन्ने विषयहरू मनोवैज्ञानिक परिवेशमा आधारित हुन्छ (भट्टराई, सन् २०२३) । सिकाइ प्रभावकारिताको सन्दर्भमा नेपालमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमपश्चात् एकीकृत पाठ्यक्रमको प्रयोग भएको देखिन्छ । यो सन्दर्भलाई "नेपाली भाषामा आउँदाखेरि प्रारम्भिक कक्षा पढाइका असल कुराहरूलाई नेपालीभित्र ल्याएको छ । अब केही राम्रा कुराहरूलाई अरू विषयमा पनि लगिएको छ । त्यसमा गरिएका राम्रा अभ्यासहरूलाई लगिएको छ ।" भन्ने विज्ञ १ को धारणाले अझ प्रस्ट्याएको छ । उल्लिखित सन्दर्भमा टेकेर कक्षा १-३ को पाठ्यक्रमलाई अध्ययन गर्दा नेपाली विषयबाहेकको एकीकृत पाठ्यक्रमले पठनतत्त्वलाई प्रारम्भिक कक्षा पढाइ कार्यक्रमकै ढाँचा र प्रक्रिया बमोजिम थप स्तरीकृत गर्नु आवश्यक देखिन्छ । यसरी आधारभूत तहमै प्रभावकारी साक्षरता विकास गरी सिकारुको सिकाइको जग निर्माण गर्नु बढी वैज्ञानिक र व्यावहारिक रहेको पुष्टि हुन्छ ।

भाषा सिकाइमा चार सिपमा मात्रै ध्यान दिइएका सन्दर्भमा नेपालमा आधारभूत तह (कक्षा १-३) का लागि पठन सिपगत अवधारणाले व्यवस्थित रूपमा निरन्तरता नपाई एकीकृत अवधारणा आएको पाइन्छ । परम्परागत शिक्षण प्रक्रियामा पनि सिकाइको विविधता रहेको छ । सुनाइ सिप शिक्षणका सन्दर्भमा ध्वनि, वर्ण, शब्द, वाक्यगत विभेदीकरण, श्रुतिलेखन, श्रुतिरचना लगायतको अभ्यास गराइन्छ । बोलाइ सिप शिक्षणका सन्दर्भमा कुराकानी, संवाद, प्रश्नोत्तर, वस्तु तथा चित्र वर्णन, चिट्ठा खेल, वादविवाद, व्याख्यान, प्रवचन, भाषण आदि कार्यकलाप गराइन्छ । यसरी नै पठनबोध शिक्षणमार्फत पढाइ सिप विकासार्थ अक्षरबोध, वर्णबोध, गति/यति मिलान अभ्यास, चिह्न प्रयोगगत पठन अभ्यास, हाउभाउ, भावानुसारको पठन, बोधप्रश्नोत्तरजस्ता अभ्यास गरिन्छ । लेखाइ सिप विकासका सन्दर्भमा हस्तलेखन, अनुलेखन, श्रुतिरचना, प्रश्नोत्तर, बुँदाटिपोट, अनुच्छेद लेखन, चिठी/दैनिकी आदि लेखनको अभ्यास गराइन्छ ।

भाषिक सिपगत शिक्षणमा कथ्य भाषिक त्रुटि पहिचान र निराकरण अभ्यास पनि गराइन्छ । बोलाइ सिपसँगै उच्चारण शिक्षण पनि गराइँदा भाषिक, सामाजिक तथा मनोवैज्ञानिक पक्षलाई ख्याल

गरिएको हुन्छ । पठनबोधका सन्दर्भमा पनि द्रुतपठन र मौनपठन तथा शब्दार्थ शिक्षणलाई जोडिएको देखिन्छ । लेखाइ शिक्षणसँग वर्णविन्यास शिक्षण, वाक्यगठन शिक्षण तथा व्याकरण शिक्षणलाई जोडेको देखिन्छ (शर्मा र पौडेल, २०७७) । उल्लिखित आधारहरूमा पठन सिप एउटा प्रमुख अङ्ग भए पनि तल्लो तहको सिकाइको जगका सन्दर्भमा नवीन अवधारणालाई केन्द्रमा राख्नुपर्ने देखिन्छ । यस सन्दर्भमा विज्ञ २ ले सिकाइको जग पढाइ रहेको तथा पढाइको विधि, पद्धति र प्रक्रिया रहने तर्क पेस गरेका छन् :

> सिकाइ पढाइबाट सुरु हुन्छ । पढाइ भनेको सिकाइको एउटा जग हो, आधारशिला हो । ...पढाइका सन्दर्भमा...पढ्नलाई लागि पढ्ने त भनिन्छ तर नपढीकन सिकाइ हुँदैन र पढ्ने कुरामा पनि त्यसको एउटा निश्चित सिप हुन्छ । एउटा दक्षता हुन्छ । त्यसको तरिका हुन्छ, विधि हुन्छ । पद्धति हुन्छ । त्यो विधि, प्रक्रिया र पद्धति पूरा गरेर पढेको पढाइबाट चाहिँ वास्तविक सिकाइ हुन्छ ।

प्रस्तुत सन्दर्भले पढाइ सिपलाई सम्पूर्ण सिकाइको जगका रूपमा प्रस्ट्याएको छ । आधारभूत तहलाई शैक्षिक गुणस्तर सुधारको जगका रूपमा स्वीकार गर्दा पढाइ सिपलाई नै सिकाइको केन्द्रमा राख्नु आवश्यक हुन्छ । सन्दर्भपरक भाषाको प्रयोग, सृजनात्मक क्षमता विकास, विषयवस्तुको संयोजित प्रस्तुति कौशलजस्ता गुणात्मक विकासका लागि तल्लो तहबाटै रुचिकर पढाइको वातावरण बनाउँदै गएमा कक्षा दोहोऱ्याउने, कक्षा छाड्नेजस्ता शैक्षिक क्षति गराउने समस्यालाई न्यूनीकरण गर्न सकिन्छ (भट्टराई, सन् २०२१, पृ. १४६) । यसर्थ नेपालको परिवेशमा शैक्षिक गुणस्तर सुधारका लागि पठन सिपगत नवीन प्रक्रियालाई व्यवस्थित, वैज्ञानिक, व्यावहारिक र अनुसन्धानमुखी बनाउँदै लैजानु उपयुक्त देखिन्छ ।

### *पठन सिप विकासमा मातृभाषा*

प्रारम्भिक कक्षाका विद्यार्थीहरू भर्खरै घरबाट विद्यालयमा आउने हुनाले तिनलाई आफूले घरमै जानेबुझेको मातृभाषामा शिक्षा दिइनुपर्छ । बालबालिकालाई आफैँ अनजान रहेको भाषा, नयाँ परिवेश र नयाँ समूहका बिचमा एकै पटक घुलमिल हुन गाह्रो हुन्छ । प्रारम्भिक तहमा बालबालिकाले आफूले निर्धक्कसँग बुझ्न र बोल्न सक्ने भाषाहरूलाई नेपाली भाषा शिक्षण सिकाइका स्रोतका रूपमा प्रयोग गर्दा उनीहरूको सिकाइ प्रभावकारी हुन्छ (पाठ्यक्रम विकास केन्द्र, २०७७, पृ. ८) । सिकारुको कलिलो मस्तिष्कमा सिकाइको सुरुवाती चरणमै अज्ञात भाषालाई माध्यम बनाइनु उपयुक्त हुँदैन ।

शिक्षा मन्त्रालय (२०७०) ले पनि बालबालिकाले तिनको पहिलो भाषामा साक्षरता हासिल गर्नुपर्ने तथा विद्यार्थीले आधारभूत दक्षता हासिल नगरेसम्म त्यस्ता अपरिचित भाषालाई माध्यम भाषाका रूपमा प्रयोग गर्न नहुने (पृ. २१-२२) तर्क अघि सारेको छ । वास्तवमा शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुरक्षित गर्न मातृभाषाको अहम् भूमिका रहन्छ । ...भाषाकै कारणले शिक्षण सिकाइलाई असजिलो पार्नु हुँदैन (पौडेल र भट्टराई, २०७७) । बुझेको भाषामा शिक्षा ग्रहण गर्न पाउने बालबालिकाले नै उक्त भाषामा पठन सिपगत दक्षताको विकास गर्न सक्छन् । यसबाट सिकाइको जग बलियो हुन्छ ।

प्रारम्भिक तहको शिक्षालाई मातृभाषाको माध्यम बनाउनुपर्ने सन्दर्भ विपरीत हाल आएर सामुदायिक विद्यालयमै अङ्ग्रेजी मोह बढेको छ। सामुदायिक विद्यालयमै मातृभाषाको विकासमा भन्दा अङ्ग्रेजी सिकाइमा गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्ने चिन्तनले प्रभाव पार्न थालेको छ। यसमा नीति र व्यवहारमा मेल छैन। भाषिक पहिचानको विषयलाई राष्ट्रिय चिन्ताको विषय मान्ने हो भने बालअधिकार, भाषिक अधिकार र मानवअधिकारमाथि नै बेवास्ता भएको छ (भट्टराई, २०७७, पृ. २३)। नेपालको परिवेश, समाज, मिश्रित बसोबास र शैक्षिक गुणस्तर विकासको समग्र सवाललाई ध्यानमा राख्दा आधारभूत तहको शैक्षिक वातावरणमा मातृभाषालाई माध्यम भाषा बनाएर शिक्षा प्रदान गर्नु अपरिहार्य देखिन्छ। बालमनोविज्ञान, सिकाइको गुणस्तर विकास तथा शिक्षाको जग निर्माणसहित साक्षरता अभिवृद्धि गर्न, शैक्षिक क्षति न्यूनीकरण गर्न तथा आधारभूत तहबाटै अब्बल नागरिक निर्माण गर्ने लक्ष्य निर्धारण गर्न आधारभूत तहमा मातृभाषामा शिक्षा दिइनु उपयुक्त हुन्छ। यसबाट पठन सिपको जग निर्माण भई शैक्षिक गुणस्तर सुधारको अपेक्षा गर्न सकिन्छ।

## निष्कर्ष

यस अध्ययनबाट पठनतत्त्वले समेटेको पठन प्रक्रियामार्फत आधारभूत तहमा पठन संस्कृति विकास गर्न सकिने देखिएको छ। भाषाका चार सिपगत प्रक्रियामध्ये पढाइ सिप शिक्षण प्रक्रियाले आधारभूत तहको शैक्षिक गुणस्तर सुधारमा मुख्य भूमिका खेल्न सक्छ। तल्लो तहबाटै विद्यार्थीका कमजोरीलाई न्यूनीकरण गरी शैक्षिक क्षति न्यूनीकरण गर्न तथा माथिल्लो कक्षाको पढाइको जगलाई बलियो बनाउन पठन सिप विकासको नवीन प्रक्रियालाई व्यवस्थित कार्यान्वयन गर्नु सान्दर्भिक देखिएको हो। यसका साथै स्थानीय तहले स्थानीय पाठ्यक्रम तय गर्ने क्रममा यो नवीन पठन सिपगत प्रक्रियालाई अपनाउनु आवश्यक देखिएको छ। वस्तुतः आधारभूत तहका विद्यार्थीहरूलाई मातृभाषाको माध्यमबाट पठन सिप विकास गर्नुपर्ने सवालमा पनि यो नवीन प्रक्रिया नै उपयोगी देखिन्छ।

प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले आधारभूत तहका बालबालिकाको सिकाइ मनोविज्ञान, शिक्षक तालिम र पेसागत विकासका सन्दर्भ, केन्द्रीय स्तरदेखि क्षेत्रीय स्तरसम्मका सरोकारवालाहरूको अपनत्व आदिलाई शैक्षिक, प्रशासनिक तथा भौतिक संरचनासहित समेटेको हुनाले यो प्रक्रियालाई समयानुकूल व्यवस्थित कार्यान्वयन गर्नु आवश्यक देखिन्छ। आधारभूत तहको भाषा शिक्षण प्रक्रियामा पठनबोधलाई नवीन ढङ्गले समेट्ने प्रयत्न गरेको तथा यसमा विज्ञहरूद्वारा पनि सहमति जनाइएकाले यो अवधारणा बढी व्यावहारिक देखिएको हो। यो प्रक्रियामार्फत भाषाका चारओटै सिपलाई व्यवस्थित र व्यावहारिक रूपमा विकास गर्न सकिन्छ। *विद्यालय शिक्षाको पाठ्यक्रम प्रारूप* (२०७६) ले एकीकृत पाठ्यक्रममार्फत हाल आधारभूत तह (कक्षा १-३) मा नेपाली भाषामा मात्रै पठन सिप विकासको नवीन प्रक्रियालाई अवलम्बन गर्ने प्रयास गरेको देखिन्छ। बहुभाषिक नेपाली परिवेशमा यो नवीन प्रक्रियालाई व्यावहारिक कार्यान्वयन गर्नु आवश्यक छ। यसमा शिक्षक तालिम, आवश्यक शैक्षिक सामग्री, कक्षाकोठाको भौतिक वातावरण, प्रशासनिक सुधारजस्ता तमाम पक्षलाई व्यवस्थित रूपमा कार्यसम्पादन र नियमन गर्नुपर्ने देखिन्छ। आधारभूत तहका बालबालिकामा पठन संस्कृति, पठनबोध विकास गरी शैक्षिक क्षति न्यूनीकरण गर्नका लागि नवीन पठनतत्त्वगत अवधारणा

बढी उपयोगी रहेको ठहर्छ । यसका लागि नेपालले आधारभूत तहबाटै प्रभावकारी भाषाशिक्षानीति, भाषा शिक्षण प्रक्रिया र वास्तविक शिक्षण व्यवहारबिचमा तालमेल गराउनु आवश्यक छ ।

विद्यावारिधिका क्रममा आवश्यक तथ्याङ्कसँग सम्बन्धित रहेर यो अध्ययन गरिएको छ । यस कार्यमा आर्थिक सहयोग प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोग सानोठिमी, भक्तपुरप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

## सन्दर्भसामग्री

अधिकारी, विष्णुप्रसाद, घिमिरे, पुण्यप्रसाद, पौडेल, चिरञ्जीवी, दाहाल, नेत्रप्रसाद, अधिकारी, शङ्कर, नेपाल, स्मिता, घिमिरे, पुरुषोत्तम, धिमाल, रजनी, खड्का, नवीनकुमार, शर्मा, प्रेमकुमारी र चौधरी, कुछतनारायण (२०७५), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम :तालिम स्रोत सामग्री,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

अधिकारी, विष्णुप्रसाद, घिमिरे, पुण्यप्रसाद, पौडेल, चिरञ्जीवी, दाहाल, नेत्रप्रसाद, अधिकारी, शङ्कर, नेपाल, स्मिता, घिमिरे, पुरुषोत्तम, धिमाल, रजनी, खड्का, नवीनकुमार, शर्मा, प्रेमकुमारी र चौधरी, कुछतनारायण (२०७६)*कष्टमाइज्ड पुनतार्जगी तालिम.* राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम. कस्टमाइज्ड पुनतार्जगी तालिम २०७६ (Customized Refresher training-2020).pdf.

खनाल, पेशल (२०७२), *शैक्षिक अनुसन्धान विधि,* (सातौँ संस्क.), सनलाइट पब्लिकेसन ।

घिमिरे, पुण्यप्रसाद, चापागाईं, दिवाकर, पराजुली, उत्तरकुमार, नेपाल, स्मिता, खड्का, नवीनकुमार, दाहाल, नेत्रप्रसाद, अधिकारी, शङ्कर, खड्का, सचिन, भट्टराई, उद्दव, देउवा, कृष्ण, राई, पुष्पा, खतिवडा, रमा र पाण्डे, लक्ष्मी (२०७३), *पठन उत्प्रेरक प्रशिक्षण निर्देशिका :राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान २०७२,* कानुन किताब व्यवस्था समिति ।

पराजुली, उत्तरकुमार (२०७४), *प्रारम्भिक कक्षा पढाइ सिप परीक्षण : परिचयात्मक पुस्तिका,* शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६* ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *नेपाली दोस्रो भाषी विद्यार्थीलाई सहयोगका लागि : शिक्षण स्रोत सामग्री* ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), *शिक्षक निर्देशिका, मेरो नेपाली : कक्षा ३ ।*

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७), *नेपालको भाषानीति र योजना आधार,* इन्टेलेक्च्युअल बुक प्यालेस ।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान,* (नवौँ संस्क.), साझा प्रकाशन ।

भट्टराई, रमेश (सन् २०१९), दोस्रो भाषा सिकाइमा मातृभाषाको उपयोग, *डीमसी जर्नल, २,* ४९-६२ ।

भट्टराई, रमेश (२०७७), नेपालमा मातृभाषा शिक्षाको वस्तुस्थिति, नीति र योजना, *प्रज्ञा, १२०,*१६-२९ ।

भट्टराई, रमेश (सन् २०२१), पठन सिप विकासमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको सान्दर्भिकता, *एएमसी जर्नल,* २(१), १३६-१५५ । https://doi.org/10.3126/amcj.v2i1.35795

भट्टराई, रमेश (सन् २०२३), आधारभूत तह (कक्षा १-३) मा पठन सिप विकासका प्रभावकहरू, *एएमसी जर्नल,* ४ (१), १६९-१८९ । https://doi.org/10.3126/amcj.v4i1.63867

राई, झुमप्रसाद, घिमिरे, पुण्यप्रसाद, अधिकारी, विष्णुप्रसाद, घिमिरे, पुरुषोत्तम, पौडेल, आनन्द, भट्टराई, गणेशप्रसाद, पराजुली, उत्तरकुमार र धिमाल, रजनी (२०७३), *प्रारम्भिक कक्षा पठन सिप विकास : शिक्षक स्रोत सामग्री,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७४), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७६), *शिक्षक पेसागत सहयोग कस्टुमाइज्ड तालिम : प्रशिक्षक निर्देशिका, २०७६ (राना थारू)* ।

शिक्षा मन्त्रालय (२०७०), राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (२०१४/१५-२०१९/२०), *कार्यक्रम दस्तावेज* ।

शिक्षा विभाग (२०७४), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम :कार्यान्वयन मार्गदर्शन २०७४,* लेखक ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७३), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम : प्रशिक्षक निर्देशिका,* लेखक ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७४), *पठन सिप विकास तालिम स्रोत सामग्री : प्रारम्भिक कक्षा १-३* ।